नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७९।०८० (आर्थिक प्रशासन शाखा)

चलानी नं.

मिति २०८०।०२।३०

**नौमूले गाउँपालिका नौमूले दैलेखको सूचना तथा जानकारी सम्बन्धमा ।**

यस गाउँपालिकाको आ.व.०७८।०७९ को विविध खर्च शिर्षकमा खाजा खाना तथा विविध खर्च तर्फ १७६५६९०८।२१ (अक्षेरुपी एककरोड छयाहत्तर लाख छपन्न हजार नौ सय आठ पैशा एक्काइस) खर्च भएको भनी विभिन्न सन्चार माध्यम तथा सामाजिक सन्जालमा सार्वजनिक भएको अभिब्यक्ति प्रति यस गाउँपालिका कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । महालेखा परीक्षकको कार्यालयबाट प्रमाणित नेपालको एकिकृत आर्थिक संकेत तथा खर्च वर्गिकरण र ब्याख्या निर्देशिका २०७४ बमोजिम विविध खर्च शिर्षकमा खर्च गर्न पाउने शिर्षक अन्तर्गत खाजा खाना खर्च मात्र नभइ अन्य शिर्षकमा पनि खर्च गर्न सकिने हुँदा उक्त मापदण्ड बमोजिम बजेट विनियोजन भई तपशिल बमोजिमका शिर्षकहरुमा विविध खर्च शिर्षक २२७११ मा खर्च भएको ब्यहोरा सम्पूर्ण सरोकारवालाहरुमा जानकारी गराइन्छ । विविध शिर्षकमा विनियोजन भएको रकम मध्ये खाजा तथा खाना शिर्षकमा २०७८ श्रावण देखी २०७९ आषाढ मसान्त सम्म १२ (बाह) महिनाको बास्तविक खर्च ४४२०४०।– (चारलाख बयालिस हजार चालिस) मात्र भएको र कसैले यसको विस्तृत विवरण जान्न चाहेमा गाउँपालिका उक्त विवरण दिन तयार रहेको ब्यहोरा समेत जानकारी गराइन्छ ।

तपशिल

महालेखा परिक्षकको प्रतिवेदनमा उल्लेखित विविध खर्च शिर्षक २२७११ बाट आ.व. ०७८।०७९ मा खर्च भएको खाजा खाना तथा कार्यक्रम खर्चको विवरण

| सि. नि. | वजेट उपशिर्षक र खर्च शिर्षक | खर्चको विवरण तथा कार्यक्रमको नाम | विनियोजित बजेट रु. | खर्च रकम रु. | कैफियत |
|---|---|---|---|---|---|
| १ | ८०६६७५०४३००-२२७११ | अध्यक्ष रोजगार कार्यक्रम | ५१७००००। | ५१४७१०८। | पालिकाका सवै बडामा सन्चालित अध्यक्ष रोजगार कार्यक्रमको कार्यपालिकाबाट विनियोजन भइ १७ बटा योजनामा रकम भुक्तानी भएको |
| २ | ८०६६७५०४३००-२२७११ | आर्थिक सहायता प्रदान | ३२०८३७३.३५ | ३१११९६५।३५ | पालिकाका मुटु मृगौला क्यान्सर र अन्य रोगवाट पिडित तथा प्रकोप पिडितलाइ भुक्तानि गरिएको |
| ३ | ८०६६७५०४३००-२२७११ | अघिल्लो बर्षको कोभिड खर्च रकम भुक्तानी | ५००००००। | ४९४०७५८। | अघिल्लो बर्षको कोभिड महामारीमा प्रयोग भएको सामान तथा स्ययंसेवक खर्च बाँकि रकम भुक्तानी गरीएको |
| ४ | ८०६६७५०४३००- | राजश्व रकम | २४३७५८६।८६ | २४३७५८६।८६ | सघीय सरकार राजश्व खातामा |

प्रशासकीय अधिकृत

नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या २०७९।०८० आर्थिक प्रशासन शाखा।

चलानी नं.

| | | | | | |
|---|---|---|---|---|---|
| | २२७११ | फिर्ता गरिएको | | | जम्मा भएको |
| ५ | ८०६६७५०४३००-२२७११ | कार्यालय तर्फको विविध खर्च रकम रु. | १०९९१३७। | ४९९५००। | टिभिटुडे दैनिकको सूचना प्रकाशन तथा प्रशारण भुक्तानी भएको रकम |
| | | | | १४२७५०। | जिल्ला विपत व्यवस्थापन समितिको निर्णयानुसार नारायण न.पा. खातामा रकम जम्मा गरिएको |
| | | | | ४४२०४०। | कार्यालयको खाजा खानामा भएको खर्च रकम |
| ६ | ८०६६७५०४३००-२२७११ | विविध खर्च आन्तरीक स्रोत समेत | ५०००००। | ५०००००। | वडागत कार्यालय सन्चालन खर्च तर्फ प्रयोग भएको |
| ७ | ८०६६७५०४२०१-२२७११ | वडा न. १ विविध खर्च | ३०००००। | ३०००००। | वडा न. १ मा दलित जनजाति तथा विविध कार्यक्रममा खर्च गरीएको |
| ८ | ८०६६७५०४२०४-२२७११ | वडा न. ४ विविध खर्च | १३६०००। | १३६०००। | वडा न. ४ ले निर्णय गरी खेलकुद कार्यक्रम र दलित जनजाति कार्यक्रममा खर्च भएको |
| | जम्मा रकम | | १७८५१०९७.२१ | १७६५६९०८.२१ | |

आर्थिक प्रशासन शाखा प्रमुख

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत